# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## चुमनुब्री गाउँपालिका
## गोरखा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ३७

मितिः २०७९।३।२६

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
चुमनुब्री गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
गोरखा ।

**कैफियत सहितको राय**

हामीले चुमनुब्री गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ७ लाख ५९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ९९ लाख ९३ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४१ लाख १४ हजार, नियमित गर्नुपर्ने रू.६१ लाख ५८ हजार रहेको छ । गतवर्ष रु.५ करोड ८ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ५८ लाख ६७ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

चुमनुब्री गाउँपालिका, गोरखा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २५ | ३५ | २०७५९ | - | ५ | ९९९३ | २५ | ३० | १०७६५ | ४९३ | ६१५८ | ४११४ | - | - | १०२७२ | - |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोरखा | ५०८०२ | - | ५७०० | ४५१०२ | - | १०७६५ | ५५८६७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : चुमनुव्री गाउँपालिका, गोरखा , चुमनुर्बी गाउँपालिका , गोरखा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | भिमसेन श्रेष्ठ | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गिरिजा प्रसाद रिजाल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २०,७५८,७४७ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८,९१,३२,७४१.१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १५,९८,१३,८८० | चालु खर्च | १२,९१,७९,९६७.४५ |
| प्रदेश सरकारबाट अनुदान | १,८१,२६,००० | पूँजीगत खर्च | ९,३५,६३,३२७.६९ |
| राजश्व बाँडफाँट | ५,६०,६१,८००.४८ | वित्तीय/अन्य व्यवस्था | १८,८३,३२५ |
| आन्तरिक आय | २०,२७,६६९ | | |
| अन्य आय | ५८,९०,५६४ | | |
| कुल आय | २४,१९,१९,९१३.४८ | कुल खर्च | २२,४६,२६,६२०.१४ |
| बाँकी मौज्दात | | १०,६४,२६,०३४.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१०।१७ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ४० सभा सदस्य, १६४८।५वर्ग किलोमिटर क्षेत्रफल तथा ९२८९ जनसंख्या रहेको छ । | |
| ३ | | | **संचित कोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३०,२६,७८,५६२ | २४,१९,१९,९१३.४८ | | २४,१९,१९,९१३.४८ | २२,२७,९१,५१६.७६ | | २२,२७,९१,५१६.७६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | २९,९९,६७,७८० | २३,५७,६०,७२९.४८ | ० | २३,५७,६०,७२९.४८ | २१,८३,०६,७४६.७६ | ० | २१,८३,०६,७४६.७६ |
| ११००० कर | ११ | ६,९०,६३,४३० | ५,७३,६२,२०५.४८ | ० | ५,७३,६२,२०५.४८ | ४,३४,७६,६९६.७६ | ० | ४,३४,७६,६९६.७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३००० अनुदान | | २३,०५,८४,३५० | १७,७९,३९,८८० | ० | १७,७९,३९,८८० | १७,४७,९५,००० | ० | १७,४७,९५,००० | |
| | | | संघीय सरकार | १२ | २०,८३,०३,३५० | १५,९८,१३,८८० | ० | १५,९८,१३,८८० | १५,९५,६५,००० | ० | १५,९५,६५,००० | |
| | | | प्रदेश सरकार | १२ | २,२२,८१,००० | १,८१,२६,००० | ० | १,८१,२६,००० | १,५२,३०,००० | ० | १,५२,३०,००० | |
| | | | १४००० अन्य राजस्व | | ३,२०,००० | ४,५८,६४४ | ० | ४,५८,६४४ | ३५,०५० | ० | ३५,०५० | |
| | | | १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | २७,१०,७८२ | ६१,५९,१८४ | | ६१,५९,१८४ | ४४,८४,७७० | | ४४,८४,७७० | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | २,६८,६२० | ० | २,६८,६२० | १,१६,९२० | ० | १,१६,९२० | |
| | | | कोषहरु | | २७,१०,७८२ | ४९,०१,५६४ | ० | ४९,०१,५६४ | ० | ० | ० | |
| | | | धरौटी | | ० | ९,८९,००० | ० | ९,८९,००० | ० | ० | ० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ४३,६७,८५० | ० | ४३,६७,८५० | |
| | | | भुक्तानी (ग+घ) | | ३९,००,४८,१९४.५६ | २२,४६,२६,६२०.१४ | | २२,४६,२६,६२०.१४ | १६,९२,५५,३७३.६५ | | १६,९२,५५,३७३.६५ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३८,७३,३७,४१२.५६ | २२,२७,४३,२९५.१४ | | २२,२७,४३,२९५.१४ | १६,४८,८७,५२३.६५ | | १६,४८,८७,५२३.६५ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ९,७१,१२,३५० | ६,६२,८९,६२५.८० | ० | ६,६२,८९,६२५.८० | ५,०३,३५,१९३.८१ | ० | ५,०३,३५,१९३.८१ | |
| | | | २२००० मालसामान तथा | १८ | ९,३१,८४,००० | २,९१,९२,९१८.६० | ० | २,९१,९२,९१८.६० | २,२४,९२,२६३ | ० | २,२४,९२,२६३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सेवाको उपयोग | | | | | | | | | |
| | | | २३००० स्थिर सम्पत्तिको उपभोग खर्च | १८ | २३,८३,००० | ६,१०,३७० | ० | ६,१०,३७० | ० | ० | ० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ७,२७,००० | ० | ० | ० | ९,९८,०६८.४० | ० | ९,९८,०६८.४० | |
| | | | २६००० अनुदान | १८ | १८,९८,००० | ९,८६,००० | ० | ९,८६,००० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | २,५४,५५,००० | १,१२,४२,५३५ | ० | १,१२,४२,५३५ | १,७८,३८,४०० | ० | १,७८,३८,४०० | |
| | | | २८००० अन्य खर्च | १८ | २,४६,७३,०६२.५६ | २,०८,५८,५१८.०५ | ० | २,०८,५८,५१८.०५ | १४,३२,५०० | ० | १४,३२,५०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४,१९,०५,००० | ९,३५,६३,३२७.६९ | ० | ९,३५,६३,३२७.६९ | ७,१७,९१,०९८.४४ | ० | ७,१७,९१,०९८.४४ | |
| | | | ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | २७,१०,७८२ | १८,८३,३२५ | | १८,८३,३२५ | १६,९२,५५,३७३.६५ | | १६,९२,५५,३७३.६५ | |
| | | | कोषहरु | | २७,१०,७८२ | ८,५२,४०५ | ० | ८,५२,४०५ | ० | ० | ० | |
| | | | धरौटी | | ० | १०,३०,९२० | ० | १०,३०,९२० | ० | ० | ० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ४३,६७,८५० | ० | ४३,६७,८५० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (८,७३,६९,६३२.५६) | १,७२,९३,२९३.३४ | | १,७२,९३,२९३.३४ | ५,३५,३६,१४३.११ | | ५,३५,३६,१४३.११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,९१,३२,७४१.१० | | ८,९१,३२,७४१.१० | ५,०९,०६,९४१.२४ | | ५,०९,०६,९४१.२४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,७३,६९,६३२.५६) | १०,६४,२६,०३४.४४ | | १०,६४,२६,०३४.४४ | १०,४४,४३,०८४.३५ | | १०,४४,४३,०८४.३५ |
| बैंक तथा नगद बाकी | २४ | | १०,४२,३५,२५२.४४ | | १०,४२,३५,२५२.४४ | ९,२३,९४,३५१.८५ | | ९,२३,९४,३५१.८५ |

**नोटः**

- आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु. १०६४२६०३४।४४ बाँकी देखाइएको छ भने बैंक तथा नगद वाँकी रु. १०४२३५२५२।४४ देखाइ रु. २१९०७८२।- फरक देखाएको छ । सो फरक सम्बन्धमा बैंक हिसाव समायोजन विवरण पेश गरेको छ ।

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३७०००११६४-एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७००००००.०० | ०.०० |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ३०९२१६००.०० | २९६३१०००.०० |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४५००००००.०० | ४२६१७३०.०० |
| ४ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | २००००००.०० | ०.०० |
| ५ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००.०० | ४३०००.०० |
| | जम्मा | ४४४६४६००.०० | ३३९३५७३०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रणः**<br>**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार वार्षिक आयमा कर गणना गरी कर योग्य आयमा निममानुसार लाग्ने कर कट्टी गरी पारिश्रमिक भूक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यलाई करकट्टी नगरी पूरै पारिश्रमिक भूक्तानी दिएकोले नियमानुसार लाग्ने कर अध्यक्षको रु. १८६९०।- र उपाध्यक्षको रु. ७७४०।- समेत रु. २६४३०।- असूल गरी कर दाखिला नुपर्ने रु. | २६,४३० |
| ५ | | | **कार्यालयको नियन्त्रण वातावरणः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा पूर्णरुपमा पालना नभएको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार तयार गरेको छैन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसार खरिदको गुरुयोजना योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन | |
| ५.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखे राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.३ | | | देहायका म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत<br>• म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन<br>• म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>• म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>• म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ६ | | | **बजेट खर्चः** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कुमकारी गुरुङले २०७७।३।१९ गते रु.३२ करोड ६० लाख ९५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३० मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२ करोड ३२ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।१।८ र ९ गतेको निर्णयबाट पुजीगततर्फ भवन, बाटो र फर्निचर शीर्षकमा रु.१ करोड ३६ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| ६.३ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 27400000 | 3889510 | 1.75 |
| सामाजिक क्षेत्र | 81434178 | 42392622.12 | 19.03 |
| पूर्वाधार विकास क्षेत्र | 68671161 | 67916008.57 | 30.49 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 28571000 | 12697180 | 5.7 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 161261073.6 | 95847974.45 | 43.03 |
| **जम्मा** | 367337412.56 | 222743295.14 | 100 |

**ख) चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 72256655.57 | 0.00 | 14188308.57 | 58068447.00 | 57157946.00 |
| २ | प्रदेश सरकार | 10132646.00 | 0.00 | 0.00 | 10132646.00 | 1032646.00 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | गाउँपालिका | 11173926.12 | 0.00 | 0.00 | 11173926.12 | 11173926.12 | | |
| | | | | ४ | कूल खर्च: | 93563227.69 | 0.00 | 14188308.57 | 79375019.12 | 69364518.12 | | |
| | | | | ५ | खर्च प्रतिशत | | 0.00 | 15.16 | 84.84 | 74.14 | | |
| ६.४ | | | **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हव भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्: | | | | | | | | | |

| **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **विनियोजन** | **खर्च** | **खर्च (%)** |
|---|---|---|---|
| सवारी साधन | १५,०० | ० | ० |
| ग्याविनखरिद तथा ढुवानी | १९,८० | ० | ० |
| एकविद्यालय एक पुस्तकालय | १०,०० | ० | ० |
| छेकमतारजाली निर्माण | ६,५५ | ० | ० |
| झोङ्गतारजाली निर्माण | ६,७० | ० | ० |
| नाक्युतारजाली निर्माण | ६,७५ | ० | ० |
| नाक्युदेखिलामागाउँसम्म मुलबाटो सोलिङ्ग/ पिसिसि | ४,०० | ० | ० |
| प्रोकहाइड्रोपावर घेराबार निर्माण | ३,०० | ० | ० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडाकार्यालय सिलिङ,आँगन सोलिङ र शौचालय निर्माण | ३,५० | १,८० | ५१.६ | | |
| | | | | स्यालाखेलकुद मैदान निर्माण | ८,०० | १,८० | २२.५८ | | |
| | | | | जगतचौकी शौंचालय निर्माण | ३० | ० | ० | | |
| | | | | खेलकुदसामाग्री खरिद ढुवानी | २,०० | ८ | ४.२ | | |
| | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको पाइएन । | | | | | | |
| ७ | | | **कानून निर्माण** | | | | | | |
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १० ऐन, ६ नियमावली, १९ कार्यविधि ४ निर्देशिका, २ मापदणड, १ दीग्दर्शन र १ आचारसंहिता समेत ४३ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | | | | | | |
| ७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकामा कुनै उजुरी/विवाद दर्ता भएको पाइएन । | | | | | | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत भएको तर दरबन्दी अनुसार पदपूर्ति भएको पाइएन । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **वित्तिय विवरण परीक्षणः** | |
| ९.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ९.२ | | | निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ९.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा सोही आर्थिक वर्षमा सवै रकम स्थानान्तरण हुन नसकी आ.व. २०७८।०७९ को श्रावण महिनामा मात्र स्थानान्तरण भएको पाइयो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाख भन्दा कमको योजना</td><td>0</td><td>0</td></tr>
<tr><td>२</td><td>रु .१ लाख देखि ५ लाख सम्मका योजना</td><td>17</td><td>5526300</td></tr>
<tr><td>३</td><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>12</td><td>9215000</td></tr>
<tr><td>४</td><td>रु. १० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>24</td><td>52331500</td></tr>
<tr><td>५</td><td>रु. ५० लाख भन्दा माथीका</td><td>0</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>53</td><td>67072800</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सम्पत्तीको अभिलेखाङ्कन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम साविक गाउँपालिकाको सम्पत्ति हस्तान्तरण गरी अभिलेख अद्यावधिकगरी राख्नुपर्नेमा अभिलेख अद्यावधिक गरेको पाइन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सहायताः**<br>महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । | |
| १३ | | | **जिम्मेवारी फरक परेकोः**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको अन्तिम लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ८९९४४८७३।१० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९१७०९२२५।१० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२७७१४०४।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.२७७१४०४।- | |
| १४ | | | **शिक्षा तर्फ** | |
| १४.१ | १७० | २०७८-३-३० | सामुदायी परिचालक पारिश्रमिकः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को ६.७ अनुसार नियमित रुपमा चलेका सामुदायीक सिकाई केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायीक परिचालकको रकम अनुदान दिन सकिने व्यवस्था छ । बौद्ध मनासलु सामुदायिक सिकाई केन्द्रको सामुदायीक परिचालक मनकुमारी गुरुङको आ व २०७६।७७ र २०७७।७८ को पारिश्रमिक रु ६२०० का दरले २४ महिनाको रु १४८८०० व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदन तथा हाजिरी प्रमाण वेगर भुक्तानी गरिएको छ । गतवर्षको भुक्तानी दिन वाँकी पारिश्रमिक भुक्तानी दिन वाँकी कच्चावरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरेको छैन । भुक्तानी दिन वाँकीको कच्चावरी प्रमाणित नगरी र सामुदायीक परिचालक छनौट गरेको व्यवस्थापन समितिको निर्णय, स्थलगत निरीक्षण र हाजिरी प्रमाण वेगर गरिएको खर्च नियमसम्मत नदेखिएको रु. | १४८,८०० |
| १४.२ | | | **शैक्षिक गुणस्तरः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार गरीएको कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।०७८ अनुसार सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाइ मापदण्ड अनुसार कार्य भए नभएको सम्बन्धमा अनुगमन पश्चात प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यक्रममा भएको व्यवस्थाानुसार सार्वजिनक विद्यायलको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाइ कार्यन्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | १६८ | २०७८-३-३० | **निकासा रकमः** विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप न.५.७. क मा आवासिय छात्रावास संचालनमा रहेका विद्यालयले २५ जना वरावरको १ समुह मानि प्रति समुह रु २ लाख ५० हजार रकम हिसाव गरी प्रति महिना वार्डेनलाई रु. ३००० भान्सेका लागि रु ६००० र पालेका लागी रु. ३००० का दरले १२ महिनाको विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ ।तपसिलको विद्यालयहरुलाई वार्डेन भान्से र पालेको लागी रकम निकासा रु.१००८००० भएको छ । यसरी निकासा भएकोमा उक्त कर्मचारी नियुक्ति गरेको व्यवस्थापन समितिको निर्णय स्थलगत निरीक्षण प्रतिवेदन र हाजिरी प्रमाण वेगर भुक्तानी गरिएको छ । वार्डेन भान्से र पालेको व्यवस्थापन समितिको नियुक्तिको निर्णय स्थलगत निरीक्षण र हाजिरी प्रमाण पेश गर्नुपर्ने रु.<br><table><tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr><tr><td>१</td><td>गौरी शंकर निमावि -१</td><td>144000</td></tr><tr><td>२</td><td>ल्हो आधारभुत विद्यालय-२</td><td>216000</td></tr><tr><td>३</td><td>बुद्ध माध्यमिक विद्यालय-३</td><td>432000</td></tr><tr><td>४</td><td>नुब्री आधारभुत विद्यालय-४</td><td>144000</td></tr><tr><td>५</td><td>बुद्ध आधारभुत विद्यालय-७</td><td>72000</td></tr><tr><td></td><td>जम्मा</td><td>1008000</td></tr></table> | १,००८,००० |
| १४.४ | १७१ | २०७८-३-३० | **पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७।७८ को २.४.६.१ अनुसार प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरूलाई निकासा दिने । यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । मिति २०७८ आषाढमा निम्न विद्यालयहरूलाई पुरै रकम रु.८४१०५९.०० भुक्तानी गरिएको छ । २०७८ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विधार्थी भर्ना भएको विवरण, पाठयपुस्तक खरिद र वितरण गरेको प्रमाण पेस गर्नुपर्ने रु.<br><table><tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr></table> | ८४१,०५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १ | गौरीशकंर निमावि | 39827 | |
| | | | २ | ल्हो आ वि | 135114 | |
| | | | ३ | बुद्ध मा.वि. | 330453 | |
| | | | ४ | वौद्ध हिमाली आ वि | 23300 | |
| | | | ५ | श्रृङ् हिमाली आ.वि. | 6438 | |
| | | | ६ | फिलिम आ.वि. | 40767 | |
| | | | ७ | सिदुङ् आ वि | 3931 | |
| | | | ८ | पाङ्लिङ् आ वि | 38318 | |
| | | | ९ | विकास आ वि | 26534 | |
| | | | १० | नुब्री आ वि | 53429 | |
| | | | ११ | प्रोक आ वि | 9369 | |
| | | | १२ | गुम्बा हिमाली आ वि | 11985 | |
| | | | १३ | सिराङ्गी गुम्बा आ वि | 33312 | |
| | | | १४ | सिद्ध गणेश आ वि | 27707 | |
| | | | १५ | सिप्चेत आ वि | 6638 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १६ | चुम्लिङ्ग आ वि | 5184 | | |
| | | | | १७ | बुद्ध आ वि | 20430 | | |
| | | | | १८ | छेकम आ वि | 7892 | | |
| | | | | १९ | छुले निले आ वि | 20431 | | |
| | | | | | जम्मा | 841059 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.५ | ७१ | २०७७-१२-२७ | **छात्रवृत्ति वितरणः** द्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप न.७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत आवासमा बसी अध्ययन गर्ने विद्यार्थिहरुका लागि प्रति विद्यार्थि प्रति महिना ४ हजारको दरले दश महिनाको रु. ४०००० अनुदान दिने उल्लेख छ। स्थानीय तहले भौगोलिक अवस्था, दूरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिक रूपमा विद्यालयमा आउन जान नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकाको व्यक्तिगत सरसफाईको लागि आवश्यक पर्ने सामग्रीहरू जस्तै साबुन, काईयो, दन्तमञ्जन, ब्रस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रुमाल, स्यानेटरी न्याप्किन आदि खरिद गर्न प्रति विद्यार्थी मासिक रू.५००.०० का दरले १० महिनाको जम्मा रू.५,०००.०० सम्बन्धित छात्रछात्राहरूलाई भरपाई गराई नगद नै अनिवार्य रुपमा उपलव्ध गराउनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयहरुलाई व्यक्तिगत सरसफाईको लागि उपलव्ध गराएको रकम सम्वन्धित विद्यालयका छात्रछात्राहरूले बुझेको भरपाई पेस हुन आएन । उक्त रकम सम्बन्धित छात्रछात्राहरूले बुझेको भरपाइ पेस गर्नुपर्ने रु. | १,२८३,५०० |

| विद्यालयको नाम | महिना | विद्यार्थी संख्या | रकम |
|---|---|---|---|
| श्री गौरी शंकर प्रा.वि. | २०७७ आश्विन - चैत्र | ५७ | 199500 |
| श्री ल्हो आ.वि. | २०७७ कात्तिक - चैत्र | ९८ | 294000 |
| श्री वुद्ध मा.वि. | २०७७ कात्तिक - चैत्र | १६५ | 495000 |
| श्री नुवी आ.वि. | २०७७ आश्विन - चैत्र | ५० | 175000 |
| श्री सेराङ्गी गुम्बा आ.वि. | २०७७ कात्तिक - चैत्र | १५ | 45000 |
| वुद्ध आ.वि. | २०७७ कात्तिक - चैत्र | २५ | 75000 |
| | जम्मा | ४१० | 1283500 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कोभिड तर्फः**<br><br>:<br>आ.व. २०७७।७८ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम रु. | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकमरु. |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | | राहात वितरण | |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | |
| संघीय कोभिड कोषबाट | ५००००० | जनशक्ति परिचालन | ५००००० |
| प्रदेश कोभिड कोषबाट | ५००००० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ५००००० |
| अन्य स्रोतबाट प्राप्त | | स्वास्थ्य पूर्वाधार निर्माण | |
| | | अन्य शीर्षकमा भएको खर्च | |
| | | बाँकी | |
| जम्मा | **१००००००** | जम्मा | **१००००००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>रकम ढिला दाखिलाः<br>आर्थिक कार्यबिधि वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१) अनुसार नेपाल सरकारलाई प्राप्तहुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भलिपल्ट जिम्मेवार व्यक्तिले तोोकिए वमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>धरौटी फिर्ताः<br>जुनकिरी इन्डट्रीज प्रा.लि लाई रु.१९४९२०।- धरौटी फिर्ता गर्दा कर समायोजन प्रमाण पेश गर्नु पर्नेमा उक्त प्रमाण वेगर धरौटी फिर्ता गरेकोले कर समायोजन प्रमाण पेश गर्नु पर्ने रु.</td><td>१९४,९२०</td></tr>
<tr><td>१८</td><td>33</td><td>२०७८-३-२०</td><td>सामाजिक सुरक्षा करः<br>आयकर ऐन २०५८ को दफा ८ वमोजिम पारिश्रमिकमा सामाजिक सुरक्षा कर वापत १ प्रतिशत लाग्ने व्यवस्था छ ।देहायको कार्य गर्दा पारिश्रमिकमा सामाजिक सुरक्षा कर कट्टी नगरिएकोले उक्त छुट हुन गएको रकमअसुल गरि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१८.१</td><td>गणेशभक्त त्रिपाठी ( पेश्की फर्चोट गर्दा ढुवानी वपतको पारिश्रमिकमा सा.सु कर नकाटेको) )</td><td>६,०००</td></tr>
<tr><td>१८.२</td><td>गोरम्बु गुम्बा निर्माण समिति ( पेश्की फर्चोट गर्दा कामदारको पारिश्रमिकमा सा.सु कर नकाटेको) )</td><td>१,८८०</td></tr>
</table></td><td>७,८८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन,२०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायत अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। हे.अ.विष्णु कुमारी गुरुङको वार्षिक आय रु.६७५२३७ रहेकोमा कट्टी रकम रु.१५१४१५घटाइ हुने कर योग्य आय रु.५२३८२० मा पारिवारीक छुट रु.४५०००० कट्टी गर्दा हुने रु.७३८२० को १० प्रतिशत ले हुने रु.७३८२ र सामाजीक सुरक्षा कर रु.४५०० समेत रु.११८८२कट्टी गर्नुपर्नेमा रु.६२२२ मात्र कट्टी गरेकोले छुट हुन गएको कर रु.५६६० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>५,६६०</td></tr>
<tr><td>२०</td><td>168</td><td>२०७८-३-३०</td><td>शिक्षक तलव भत्ता<br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन सि. नं. ४ (क) मा एउटा सब बजेट उपशिर्षकमा विनियोजन भएको रकम अर्को सब बजेट उपशिर्षकमा खर्च नगर्ने स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरुप खर्च लेख्नुपर्ने व्यवस्था छ । तपसिलको शिर्षकमा निकासा भएको रकम आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत,अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान, विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक कर्मचारीहरु शिर्षकमा रु.९५७५१७१.०० खर्च गरिएको छ । फरक शिर्षकमा खर्च गर्न पर्नाको कारण उल्लेख गरी २०७८।३।३० मा निर्णय गरेर शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई च.नं.९७९ मितिः२०७८।३।३० मा खर्च समर्थनको लागी पत्र पठाएको देखिन्छ । पालिकाले खर्च समर्थनको लागी पत्र पठाएको भएता पनि उक्त खर्च शिक्षा तथा मानव विकास केन्द्र, सानोठिमीबाट समर्थन गरेको देखिदैन । यसरी खर्च स्वीकृत वा समर्थन नगरी फरक खर्च शिर्षकबाट खर्च गर्नु नियमसम्मत नदेखिएको रु .
<table>
<tr><th>सि नं.</th><th>खर्च शिर्षक</th><th>रकम</th></tr>
<tr><td>1</td><td>प्रारम्भिक वालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान</td><td>1579600</td></tr>
<tr><td>2</td><td>विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान</td><td>1008000</td></tr>
<tr><td>3</td><td>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान</td><td>1135458</td></tr>
<tr><td></td><td>जम्मा</td><td>3723058</td></tr>
</table></td><td>३,७२३,०५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td>9</td><td>२०७७-७-२</td><td>बढी ग्रेडः<br>विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप खण्ड २ को १ मा स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत विद्यालय शिक्षक कितावखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिनुपर्ने व्यवस्था छ । शिक्षक कितावखानाको च. नं .३७४८ च. नं. १३७४८ अनुसार पारित तलवि प्रतिवेदन अनुसार तलव रकम भुक्तानी गर्नुपर्नेमा तपसिलको शिक्षकलाई पारित ग्रेड भन्दा बढी भुक्तानी भएको छ । पारित तलवि प्रतिवेदन भन्दा बढी दरमा प्रथम चौमासिकमा भुक्तानी ग्रेड नियमानुसार असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>ग्रेड दर</th><th>रकम</th></tr>
<tr><td>1</td><td>श्री छेकम प्रा.वि.</td><td>श्री प्रा.वि.तृत्तिय श्री अट्ट लामा</td><td>887</td><td>3548</td></tr>
<tr><td>2</td><td>श्री छेकम प्रा. वि.</td><td>श्री प्रा.वि.तृत्तिय श्री धाव आङ्दी लामा</td><td>887</td><td>3548</td></tr>
<tr><td>3</td><td>श्री वुद्ध प्रा. वि.</td><td>श्री प्रा.वि.तृत्तिय श्री धोर्जे छेजन लामा</td><td>887</td><td>3548</td></tr>
</table></td><td>१०,६४४</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>औसधि खरीद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहले उक्त प्रक्रियावेगर रु.१११७८४३। कोऔषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्ः<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनि लोगोम उल्लेख नगरेको ।<br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २३ | | | **स्वास्थ्य संस्थालाइ अनुदानः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। भौ.२-0७८/३/२९ बाट प्रति स्वास्थ्य चौकि रु.५0000। ७ वटा स्वास्थ्य चौकीलाई रु.३५0000। व्यवस्थापन समितिको खातामा निकासा दिएको छ । उक्त रकम के काममा खर्च गरिएको हो सोको प्रमाण पेश गर्नु पर्ने रु.<br><br>क्र.सं \| स्वास्थ्य संस्था \| रकम<br>1 \| सामाउँ स्वास्थ्य चौकी \| 50000<br>2 \| ल्हो स्वास्थ्य चौकी \| 50000<br>3 \| सिर्दिवास स्वास्थ्य चौकी \| 50000<br>4 \| लार्के बजार स्वास्थ्य चौकी \| 50000<br>5 \| विही स्वास्थ्य चौकी \| 50000<br>6 \| चुमचेत स्वास्थ्य चौकी \| 50000<br>7 \| छेकम्पार स्वास्थ्य चौकी \| 50000<br> \| जम्मा \| 350000 | ३,५००,००० |
| २४ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै | १,५०५,५१७ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद गर्न नहुने उल्लेख छ । पालिकाहले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियम सम्वत नदेखिएको रु. | |

| क्र सं | मिति | भौ.नं. | कार्यक्रम | खर्च विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| २ | ११/०७/२०७७ | २१ | फर्निचर तथा फिक्चर्स | संलग्न कागजातको आधारामा स्वास्थ्य शाखाको स्टोर र्याक निर्माण खर्च भुक्तानीको लेखा | 61,350.00 |
| ३ | १२/११/२०७७ | २३ | फर्निचर तथा फिक्चर्स | प्रसाशनिक भवन मर्मत खर्चको भुक्तानी | 65,600.00 |
| ४ | १२/१३/२०७७ | २५ | फर्निचर तथा फिक्चर्स | कार्यालय संचालन सम्बन्धि खर्च | 499,347.00 |
| ५ | ०१/२१/२०७८ | २७ | फर्निचर तथा फिक्चर्स | कार्यालयको फर्निचर खरिदको भुक्तानी | 219,220.00 |
| ६ | ०३/२०/२०७८ | ३३ | फर्निचर तथा फिक्चर्स | पेश्की फर्छौटको - | 660,000.00 |
| जम्मा | | | | | 1,505,517 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| २५ | 33 | २०७८-४-२० | **लागत अनुमान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम 13 मा अन्य सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले कुन कामको लागि कति दिन, कति समय, कति परीमाण चाहिने हो उल्लेख नगरी लागत अनुमान तयार नै नगरी सोझै कार्य गराएको छ। ७५ जनालाई फर्निचर ढुवानी गरे वापत १८ कोष दुरीको रु.८००० का दरले रु.६००००००.०० र माछाखोलासम्म गाँडीमा ढुवानी गरेवापत रु.६००००.०० गरी जम्मा रु.६६००००.०० जिन्सी शाखा प्रमुखलाई भुक्तानी गरिएको छ। उक्त फर्निचर कति कोष दुरीबाट ढुवानी हुने हो र कति के.जी. परिमाण हो उल्लेख गरिएको छैन। जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गरेर स्वीकृत लागत अनुमानको आधारमा खर्च गर्नुपर्नेमा हचुवाको आधारमा खर्च गरेको देखियो। यसरी लागत अनुमान नै तयार नगरी गरिएको खर्च नियमसम्मत नदेखिएको रु. | ६६०,००० |
| २६ | | | **उपभोक्ता समित मार्फत कार्य** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ ।तर तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्क्षय रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ ।
<table>
<tr><th>भौ नं र मिती</th><th>निर्माण कार्य</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>19-077/10/6</td><td>७ नं वडा कार्यालय भवन निर्माण कार्य</td><td>2198215.00</td><td>1903262.00</td></tr>
<tr><td>35-078/3/22</td><td>गौरीशकंर आ वि झ्याल ढोका मर्मत कार्य</td><td>550615.00</td><td>485000.00</td></tr>
<tr><td>42-078/3/22</td><td>सामागाँउ स्वास्थ्यचौकी भौतिक संरचना निर्माण कार्य</td><td>540659.00</td><td>485000.00</td></tr>
<tr><td>46-078/3/22</td><td>श्री गुम्बा हिमाली प्रा वि तारवार मर्मत कार्य</td><td>3478104.00</td><td>3007000.00</td></tr>
<tr><td>52-078/3/23</td><td>शौचालय सहित वडा कार्यालय भवन निर्माण कार्य</td><td>3220204.00</td><td>995840.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>6876102.00</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६.२ | 5 | २०७७-८-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। उक्त कार्यमा ग्याविन जाली ३२१५ के.जी. मात्र प्रयोग भएको देखिन्छ । माछा खोला देखी सामागाँउ सम्म ९४.४० कि.मी.रहेको देखिन्छ । प्रति के.जी. प्रति कोष रु. २.५ का दरले प्रति के जी प्रति कि.मी रु.१.१७ हुन जाने देखिन्छ । माछा खोला देखी सामागाँउ सम्म ९४.४० कि.मी.को ढुवानी खर्च प्रति केजी रु.११०.६२५ रहेको छ । ग्याविन जाली ३२१५ के.जी. को रु. ११०.६२५ का दरले जम्मा रु.३५५६६०.०० भुक्तानी हुनपर्नेमा ५६५४.४० के जी को रु. १२५ का दरले रु.७०६८००.०० भुक्तानी गर्दा रु.३५१४९६.०० बढी भुक्तानी भएको छ । तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३५१,४९६ |
| २७ | 5 | २०७७-८-२४ | **उपभोक्ता समिती मार्फत कार्य**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदाय वा समितिको बैठकबाट अनुमोदन गराई पेस गर्नुपर्ने व्यवस्था छ । सामागाउ तारजाली निर्माण योजना अन्तर्गत सोलिङ्ग, पिसिसि, फलामे पोष्ट तथा ग्याविन खरिद र ढुवानी कार्यमा भएको मूल्याङ्कन विल रु.४४३६३१६.०० भएको देखिन्छ । उक्त कार्यमा प्रयोग भएको सिमेन्ट, जाली र पोष्टको परीक्षण गर्दा खरिद गरिएको परिमाण भन्दा बढी प्रयोग भएको नापी कितावमा उल्लेख गरी भुक्तानी भएको छ। नापी किताव र खरिद विलमा भिन्नता भएको प्रमाण पेश गर्नुपर्ने रु. | २७६,०७७ |

| सामाग्री | प्रयोग परिमाण केजी | खरिद परिमाण केजी | बढी प्रयोग | दर | जम्मा |
|---|---|---|---|---|---|
| सिमेन्ट | 6000 | 3267 | 2733 | 15 | 40995 |
| फलामे पोष्ट | 3300 | 2625 | 675 | 84.07 | 56747 |
| ग्याविन जाली | 3215 | 1894 | 1321 | 135 | 178335 |
| | | जम्मा | | | 276077 |

| | | | | |
|---|---|---|---|---|
| २८ | | | **सोलार जडान कार्य** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.१ | 2 | २०७७-८-१९ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।अन्नपूर्ण फेवा कन्सर्नबाट खरिद गरिएको १२ भोल्टको सोलार १८ थान रु. ४३२००० र ढुवानी रु.५०००० गरी जम्मा रु.४९२०००.०० मध्ये संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट रु.३०००००.०० र गाँउपालिका पूंजिगतवाट रु.१९२००० खर्च लेखिएको छ । यसरि खरिद गरिएका १८ थान सोलार जडान भएको प्राविधिक रिपोर्ट पेश भएको छैन । सोलार जडान भएको कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्ने रु. | ४९२,००० |
| २८.२ | 13 | २०७७-९-२८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समुदाय वा समितिको बैठकबाट अनुमोदन गराई पेस गर्नुपर्ने व्यवस्था छ । गवाला वुद्ध छोर्तेन निर्माण कार्यमा ६७३४ केजी डण्डी प्रयोग भएको देखिएकोमा उपभोक्ताले पेश गरेको विजकमा उक्त डण्डी खरिद गरेको देखिएन ।उक्त डण्डी खरिद गरेको विजक प्रमाण पेश गर्नुपर्ने रु. | १३,९१५ |
| २९ | | | **मु.अ.कर भुक्तानीः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ । यो बर्ष स्याउ खेती घेरावारा र हेलिप्याड निर्माण उ.स लाई ग्याविनजाली खरीदमा उपभोक्ता समितिलाई खरिद मूल्यमा मूल्य अभिबृद्धि कर सहित रकम भुक्तानी दिनेगरी लागत अनुमान गरी सोहि बमोजिम कार्य सम्पन्न भई भुक्तानी दिएकोमा विलमा समावेश भएको भन्दा वढी भुक्तानी भएको मुल्य अभिबृद्धि कर रकम रु.१४३९। असूल गरी संचित कोष दाखिला गर्नूपर्ने रु... | १,४३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **प्रदेश सरकारको बजेट फिर्ता नगरेकोः**<br>भालुवन, रोल्पा डाँडा, दुध पोखरी हुदै घट्टे खोला पदमार्ग निर्माणको लागत अनुमान रु.८१२७७४३.६३ भएकोमा रु.५३४१३८१। मा चुङकाङ निर्माण सेवा सँग मिति २०७८/३/२० सम्ममा सम्पन्न गर्ने गरि सम्झौता भएको छ । सोही बाटोको डि पी आर गर्दा लागेको खर्च रु.४९८२७३.५ गरि जम्मा रु.५८३९६५४.५ बजेट आवश्यक परेकोमा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गरी विल पेश गरेता पनि पालिकामा जम्मा रु.५०,००,०००। बजेट मात्र भएकोले पालिकालाइ थप वजेट २०७८/३/३० मा रु.८४५०००। मात्र प्राप्त भएकोले पालिकाले उक्त रकम सोही दिन शुत्रमा आम्दानी गरी खर्च लेखी भुक्तानी दिन नसकेकोले सो रकम गाउँपालको सन्चित कोषमा आम्दानी बाँधेको पाइयो । मिति २०७८/७/१० को कार्यापालिकाको निर्णयले गाउँपालिकाको आन्तरिक स्रोतमा अ ल्या गरी भुक्तानी गर्ने निणय गरेको छ । प्रदेश सरकार बाट सोही योजनाको लागि रु.५८४५०००। प्राप्त भएको रकम बाट निर्माण व्यवसायीलाई रु.५८३९६५४.५ भुक्तानी भएको छ । प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको र गाउँपालिकाको सञ्चित कोषमा राखी आ.व २०७८।०७९ मा आएर भुक्तानि दिएको पाइयो । शसर्त अनुदानको रकम सम्बन्धित आर्थिक वर्षमा खर्च नभै बाँकी रहेमा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा फिर्ता नगरेकोले उक्त रकम प्रदेश सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. | ५,८४५,००० |
| ३१ | 169 | २०७८-२-२३ | **सार्वजनिक सुनुवाइ**<br>कार्यालयले खर्च गर्दा खर्च गर्ने मापदण्ड तयार गरी स्वीकृत मापदण्डको आधारमा खर्च गर्नुपर्दछ। कार्यालयले ७ वटा वडामा सार्वजनिक सुनुवाइ कार्यक्रम सन्चालन गर्न बलराम पाठकलाइ पेश्की दिइ भौ नं १६९ मिति २०७८।०२।२३ वाट रु ४५६१५० खर्च गरेको छ। सार्वजनिक सुनुवाइ भएपछि उक्त सुनुवाइवाट सहभागिले राखेको जिज्ञासा, प्रश्नोत्तर, गुनासा तथा सुझावहरु लिपिवद्ध गरी प्रतिवेदन तयार गर्नुपर्नेमा यस्तो प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा कार्यक्रमको उपादेयता तथा खर्चको उपलब्धी निष्कर्ष विहिन देखिन पुगेको छ। कर्मचारी तथा जनप्रतिनिधिहरुलाइ सातवटा कार्यक्रकको रु.५९५०० भत्ता दिएको छ। सार्वजनिक सुनुवाइ एक नियमित प्रकृतिको कार्य भएको अवस्थामा कर्मचारी तथा जनप्रतिनिधिलाइ भत्ता दिन मिल्ने कानुनी व्यवस्था नभएकोमा भत्ता उपलव्ध गराउनु नियमसंगत नदेखिएको रु. | ५९,५०० |
| ३२ | 23 | २०७७-१२-११ | **फरक शिर्षकमा खर्चः**<br>एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । स्वीकृत कार्यक्रम फर्निचर तथा फिक्सचर्समा विनियोजन भएको रकम वडा नं.४ प्रशासनिक भवन मर्मत कार्यको खर्च गरिएको देखियो । लागत अनुमान पनि स्वीकृत नगरी खर्च गरिएको छ । स्वीकृत भएको कार्यक्रम भन्दा फरक शिर्षकमा खर्च गरिएको रु.६१३५०.०० नियमसम्मत नदेखिएको रु. | ६१,३५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>जिन्सी दाखिलाः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को नियम २८(१) मा जिन्सी सामान खरीद गरेकोमा खरीद गरेको ७ दिन भित्र जिन्सी दाखिला गर्नु पर्दछ । पालिकाबाट निम्न अनुसार सामानहरु खरिद गरेकोमा दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नं. उल्लेख गरेको नपाइएकोले खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँधी जिन्सी खाता अध्यावधिक गरेको प्रमाण पेश गर्नु पर्ने रु.<br>
<table>
<tr><th>भौ-मिति</th><th>सामानको नाम</th><th>रकम</th></tr>
<tr><td>240- 078/3/20</td><td>स्टेशनरी</td><td>30610.0</td></tr>
<tr><td>257-078/3/30</td><td>स्टेशनरी</td><td>30060.0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>60670</td></tr>
</table></td><td>६०,६७०</td></tr>
<tr><td>३४</td><td>248</td><td>२०७८-३-३०</td><td>वितरण भर्पाइः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याइ गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। भौ. नं. २४८-०७८/३/३० बाट उपाध्यक्ष सरसफाइ सामाग्री तथा भाडा वितरण कार्यक्रम अन्तर्गत कुसुम गिफ्ट हाउस एण्ड फर्निचर सोरुम बाट रु.498753.0 को प्लाष्टीक वाल्टी, स्टील डाडु, प्रेशर कुकर लगायतका सामान खरीद गरि राखेको तर वितरण गरेको नपाइएकोले वितरण भर्पाइ पेश गर्नु पर्ने रु.</td><td>४९८,७५३</td></tr>
<tr><td>३५</td><td>160</td><td>२०७८-३-३०</td><td>सामाजिक सुरक्षा दर्ता शिविर संचालन (ससर्त चालु)-<br>पालिकाको ७ वटा वडामा संचालित घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविरमा जम्मा रु.३३१४२०। खर्च भएको मध्ये खाजा खाना, आवास मा मात्र रु.२८००००। खर्च लेखेको छ । कुन वडामा कति जनाको उपस्थिति थियो सो को अभिलेख राखेको पाइएन । खाजा खाना खर्च यतिनै भएको हो भनी यकिन गर्न सकिने आधार भएन । अतः खर्च लेख्दा पारदर्शी हुने र विवरण देखिने गरी स्रेस्ता राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **प्रशिक्षण भत्ता बढी भुक्तानी**<br>कार्य संचालन निर्देशिका २०७७ को बुदा नं. ७.१.१५ मा तालिम संचालन गर्दा तालिमको कक्षा १ घण्टा ३० मिनेटको हुने उल्लेख छ । एक दिनमा ४ वटा कक्षा संचालन गर्नु पर्नेमा पालिकाले २०७८/१/२३ मा संचालन गरेको एक दिने बंगुर पालन तालिममा ४ वटा कक्षाको रु.१५००। का दरले रु.६०००। प्रशिक्षण भत्ता वापत खर्च लेख्नु पर्नेमा ८ कक्षा संचालन गरेको देखाई रु.१५००। का दरले रु.१२०००। खर्च लेखेकोले बढी खर्च लेखेको रु.६०००। मध्ये कर कट्टी पछि हुने रु.५१००। बेरुजु खाता दाखिला गर्नु पर्ने रु. | ५,१०० |
| ३७ | | | **विद्यालय निकासाः**<br>(ब.उ.शि.नं.३१४०००११३ आलेप बेरुजू) कार्यक्रम संचालन मापदण्ड २०७७ अनुसार कार्यक्रम संचालन मापदण्डको वुदा नं. १४ को तालिका नं. १ वमोजिम शिर्षकको अधिनमा रही कार्यक्रम संचालन गरी वुदा नं.१७ वमोजिम स्थानीय तहले विद्यालयबाट प्राप्त विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदन को आधारमा नियमानुसार विद्यालयलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । श्री वुद्ध मा.वि. सिर्दिवास गोरखालाई कार्यक्रम संचालन वापतको रु.४३०००.०० विल भरपाई वेगर भुक्तानी गरिएको छ । विद्यालयलाई खर्चको विल भरपाई वेगर रकम निकासा दिएकोले विल भरपाई प्रमाण पेश गर्नुपर्ने रु. | ४३,००० |
| ३८ | | | **भत्ता वितरणः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी यो वर्ष रु. २९६३१०००।- खर्च गरेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं. ५ र ७ को परीक्षण गरिएको छ । परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार उल्लेख गरिएको छ । | |
| ३९ | | | **नागरिकता नम्बर दोहोरो तथा उल्लेख नभएकोः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेखापरीक्षण योजना अनुसार सबैभन्दा बढी सामाजिक सुरक्षा भत्ता वितरण भएका वडाहरु ५ र ७ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/ लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नगरी सामाजिक सुरक्षा भत्ता वापत रु.९१२८००।- भूक्तानी गरीएको छ। के कसरी नागरिकता नम्बर दोहोरो तथा उल्लेख नै नभएको हो गाउँपालिकाबाट यकिन गर्नुपर्दछ । साथै अन्य वडाहरुको लाभग्राहीको विवरण समेत अद्यावधिक गरी भत्ता वितरण गरिनुपर्दछ । | |

| सि. नं. | सामाजिक सुरक्षाको किसिम | पुरा नाम | वडा नं. | नागरिकता नं | भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छिरिङ नुर्बु लामा | ५ | ४४-०२-७६-००१५२ | 36000 | ३ वटै किस्ता |
| २ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | पेमा डोमा लामा | ५ | ४४-०२-७६-००१५२ | 36000 | ३ वटै किस्ता |
| ३ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | कार्तेक गुरुङ | ५ | ४४३०६४-६४ | 36000 | ३ वटै किस्ता |
| ४ | जेष्ठ नागरिक एकल महिला | कार्तो लामा | ५ | ४४३०६४-६४ | 24000 | ३ वटै किस्ता |
| ५ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छिरिङ छुन्जोम | ५ | ० | 36000 | ३ वटै किस्ता |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | कर्मा लामा | ५ | ० | 6400 | ३ वटै किस्ता |
| ७ | अति अशक्त अपाङ्गता भत्ता | छिरिङ छुतेन लामा | ५ | ० | 6400 | ३ वटै किस्ता |
| ८ | जेष्ठ नागरिक एकल महिला | छिरिङ पाल्मो लामा | ७ | १०५३ | 24000 | ३ वटै किस्ता |
| ९ | जेष्ठ नागरिक एकल महिला | टोसी लामा | ७ | १०५३ | 24000 | ३ वटै किस्ता |
| १० | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छेवाङ धनरुप | ७ | १०-९५ | 36000 | ३ वटै किस्ता |
| ११ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | ढोमा लामा | ७ | १०-९५ | 36000 | ३ वटै किस्ता |
| | | | | | 36000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छुल्टीम लामा | ७ | १२५ | | ३ वटै किस्ता | | |
| | | | | १३ | जेष्ठ नागरिक एकल महिला | दिकी याङ्जोम लामा | ७ | १२५ | 24000 | ३ वटै किस्ता | | |
| | | | | १४ | जेष्ठ नागरिक एकल महिला | सोनाम भुटि लामा | ७ | १४१ | 24000 | ३ वटै किस्ता | | |
| | | | | १५ | जेष्ठ नागरिक एकल महिला | सोनाम भुटी लामा | ७ | १४१ | 24000 | ३ वटै किस्ता | | |
| | | | | १६ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छेवाङ बुटी लामा | ७ | ४४२०६२-३५२ | 36000 | ३ वटै किस्ता | | |
| | | | | १७ | जेष्ठ नागरिक एकल महिला | छेवाङ बुटी लामा | ७ | ४४२०६२-३५२ | 24000 | ३ वटै किस्ता | | |
| | | | | १८ | जेष्ठ नागरिक एकल महिला | म्हीमा लामो | ७ | ५३ | 24000 | ३ वटै किस्ता | | |
| | | | | १९ | जेष्ठ नागरिक एकल महिला | हिसे लामा | ७ | ५३ | 24000 | ३ वटै किस्ता | | |
| | | | | ८० | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | भुटी लामा | ७ | १६३ | 36000 | ३ वटै किस्ता | | |
| | | | | १९६ | विधवा | भुटी लामा | ७ | १६३ | 24000 | ३ वटै किस्ता | | |
| | | | | २० | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छाङभुटी लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २१ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | छेनी लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २२ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | टासी लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २३ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | डोल्मा लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २४ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | निटुप झङमु लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २५ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | भुटि लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २६ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | मिंगयुर लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २७ | जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | लाक्पा छेन्जोम लामा | ७ | ० | 36000 | ३ वटै किस्ता | | |
| | | | | २८ | जेष्ठ नागरिक एकल महिला | वुटी लामा | ७ | ० | 24000 | ३ वटै किस्ता | | |
| | | | | २९ | जेष्ठ नागरिक एकल महिला | हिसे लामा | ७ | ० | 24000 | ३ वटै किस्ता | | |
| | | | | | जम्मा | | | | 912800 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **एउटै व्यक्तिलाइ दोहोरो भूक्तानीः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक/वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ।उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।पालिकाले तपशिलका लाभग्राहीहरुलाई दोहोरो तथा लगत कट्टा पछि सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको छ। यसरी दोहोरो परेको र लगत कट्टा पछिको रकम लाभग्राहीबाट फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट समेत औल्याइएको रकम फिर्ता गरी सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु. | ९२,००० |

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४०.१ | कुन्साङ डोल्मा (ना.प्रा.नं. ४४३०६४-८४, वडा नं. ५ ,जेष्ठ नागरिक ) | ३६,००० |
| ४०.२ | आपे लामा (ना.प्रा.नं. १०-१११,वडा नं. ७,जेष्ठ नागरिक, दोस्रो किस्तामा लगत कट्टा गरेको) तेस्रो किस्ता | ८,००० |
| ४०.३ | फुन्टोमा लामा (ना.प्रा.नं. २०१०-१०-२०,वडा नं. ७,जेष्ठ नागरिक, पहिलो किस्तामा लगत कट्टा गरेको) दोस्रो र तेस्रो किस्ता | १६,००० |
| ४०.४ | साम्देन लामा (ना.प्रा.नं. १४७२८,वडा नं. ७,जेष्ठ नागरिक) प्रथम, तेस्रो किस्तामा दोहोरो | १६,००० |
| ४०.५ | सोनाम भुरी लामा (ना.प्रा.नं. १४१,वडा नं. ७,जेष्ठ नागरिक) प्रथम र दोस्रो किस्ता दोहोरो | १६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **राजश्व बाँडफाँडः**<br>स्थानिय तहको आर्थिक ऐन बमोजिम स्थानिय निकायले पालिकामा दहत्तर बहत्तर बाट संकलित राजश्व रु.१०७४४८। मध्य ४०% (रु.४२९७९.२) राजश्व प्रदेश सरकारमा पठाउनु पर्ने रु. | ४२,९७९.२ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजु फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजु फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा यो वर्ष फछ्र्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजू दफा नं.</th><th rowspan="2">बेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th rowspan="2">सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th></tr>
<tr><td>१</td><td>२०७६।७७</td><td>२४</td><td>ले.प.प्रतिवेदन र वि.सु.यो प्रमाण पेश भएको</td><td>0</td><td>5000000</td><td>0</td><td>0</td><td>5000000</td></tr>
<tr><td>२</td><td>२०७६।७७</td><td>४२</td><td>वलराम पाठकको पेश्की फछ्र्योट</td><td>495550</td><td>204450</td><td>0</td><td>0</td><td>700000</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>495550</td><td>5204450</td><td>0</td><td>0</td><td>5700000</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>अद्यावधिक बेरुजुः<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः (रकम रु. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>50806</td><td>5700</td><td>20759</td><td>0</td><td>65865</td></tr>
</table></td><td></td></tr>
</table>